# MEDIA ADVISORY

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
Nepal

२०६८ भदौ ६

**कानुनी शासनको सम्मान गर्दै अधिकारको संरक्षण गरः संयुक्त राष्ट्रसङ्घ**

काठमाडौं– पत्रकारहरूमाथिको आक्रमण र धम्कीका आरोपहरूसँगै राज्यअधिकारीहरूले कानुनी शासनको सम्मान गर्ने तथा न्यायमाथि पहुँच पाउने पीडितहरूको अधिकार सुनिश्चित गर्ने आफ्ना प्रयासहरूलाई दोब्बर पार्नुपर्ने कुरा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले आज प्रकाशित वक्तव्यमा बताएको छ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयकी प्रमुख ज्योति साङ्गेराले मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न राज्यअधिकारीहरू र नागरिक समाजले गरेका प्रयासहरूलाई हेर्न तथा सहयोग गर्न भदौ ७ र ८ गते विराटनगरको भ्रमण गर्नुहुनेछ।

"त्यस क्षेत्रमा पत्रकारहरूविरुद्धको पाशविक आक्रमण तथा जारी धम्कीहरूले अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा गम्भीर प्रश्न सिर्जना गर्नुका साथै उचित कानुनी प्रक्रियामाथि हस्तक्षेपसमेत गरेको छ," ज्योति साङ्गेराले भन्नुभयो। "हालैका आक्रमणहरूको प्रत्युत्तरमा फौजदारी मुद्दाहरूको सुनुवाई हुँदा – नयाँ दुर्व्यवहारहरू हुन नदिनसमेत – प्रत्येकले कानुनी शासनप्रति आफ्नो पूर्ण समर्थन जनाउनुपर्छ।"

बितेका साताहरूमा यस कार्यालयले यस क्षेत्रमा केही तथ्यान्वेषण टोलीहरू खटाउनुका साथै क्षमता अभिवृद्धि गतिविधिहरू सञ्चालन गरेको छ। बाहृय हस्तक्षेपबिना न्यायिक प्रणालीलाई आफ्नो कार्य सम्पन्न गर्न दिन कतिपय राजनीतिक दलका नेताहरूबाट हालै गरिएका टिप्पणीहरूको यो कार्यालय स्वागत गर्दछ।
काठमाडौं प्रस्थान गर्नुअघि ज्योति साङ्घेराले बिहीबार बिहान विराटनगरमा एक पत्रकार सम्मेलन गर्नुहुनेछ। उक्त सम्मेलनको विवरण पछि उपलब्ध गराइनेछ।

समाप्त

Office of the High Commissioner for Human Rights in Nepal
Museum Road, Chhauni,
Kathmandu,
Nepal
http://nepal.ohchr.org

Chun Gurung
Email: cgurung@ohchr.org
Tel: +977 1 4280164, Ext.: 320
Fax +977 1 4670712, 4670713
Mobile: 98510 16937